संघीय संसद

प्रतिनिधि सभा

# उद्योग तथा वाणिज्य र श्रम तथा उपभोक्ता हित समिति

मिति: २०८०/०२/३१, बैठक संख्या: ०३

## निर्णय

**समितिको आज बसेको बैठकमा देहाय बमोजिमका निर्णयहरु गरियो :**

१. विगत लामो समय देखि समस्याको रुपमा रहेको चिनी उद्योग र उखु किसानहरुका बारेमा भएका समस्या र समाधानका उपायहरु खोजी गरी समितिमा प्रतिवेदन पेश गर्न तपशिल बमोजिमको उपसिमित गठन गर्ने :

- उपसमितिको नाम : चिनी उद्योग तथा उखु किसानहरुका समस्या समाधान र सुझाव उपसिमित
- उपसिमितका सदस्यहरुको नामावली
    १. संयोजक, माननीय श्री कृष्ण कुमार श्रेष्ठ
    २. सदस्य,  माननीय श्री कान्तिका सेजुवाल
    ३. सदस्य, माननीय श्री गणेश पराजुली
    ४. सदस्य, माननीय श्री राम शंकर यादव
    ५. सदस्य, माननीय श्री सूर्यमान तामाङ (दोङ)
- कार्यादेश : चिनी उद्योग र उखु किसानका समस्याका बारेमा अध्ययन गरी सुझाव सहितको प्रतिवेदन पेश गर्ने ।
- कार्यावधी : कार्य प्रारम्भ गरेको मितिले ३० दिन

२. समितिको काम कर्तव्य र अधिकारका सम्बन्धमा प्रतिनिधि सभा नियमावली २०७९ को निमय १७८ को उपनियम (१) को खण्ड (ज) मा भएको व्यवस्था अनुरुप समितिमा प्राप्त विभिन्न उजुरी उपर छलफल हुदाँ सो सम्बन्धमा समितिका आगामी बैठकहरुमा सम्बन्धित सरोकारवाला पक्ष र सम्बन्धित मन्त्रालयका पदाधिकारीहरु समेतलाई सहभागी बनाई छलफल गर्ने र समितिमा प्राप्त हुने उजुरी/गुनासाका बारेमा समिति सचिवालयले विषयवस्तुका गाम्भिर्यताका आधारमा उजुरीको प्रतिलिपि जानकारीका लागि सम्बन्धित मन्त्रालयमा पठाउने ।

३. समितिको अर्को बैठक पछि सूचना गर्नेगरी आजको बैठक स्थगित गरियो ।